पाठयक्रमको रुपरेखा :– संयुक्त र एकीकृत परीक्षा प्रणाली **(Integrated & Unified Examination System)** को आधारमा सबैको लागि निम्नानुसारको हुनेछ ।

लिखित परीक्षा **(Written Examination)**:– प्रथम चरण पूर्णाङ्क :– १००
द्वितीय चरण पूर्णाङ्क :– ३००

अन्तिम चरण **(Final Examination)** :– सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता पूर्णाङ्क :– ७०

## परीक्षा योजना (Examination Scheme)

१. लिखित परीक्षा :- प्रथम चरण **(First Phase)**

तालिका (१)

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | पशनसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासनिक अभिरुचि परीक्षण* (Administrative Aptitude Test) | १०० | ४० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | १०० प्रश्नx१अङ्क | १ घण्टा ३०मिनेट |

२. लिखित परीक्षा :- द्वितीय चरण **(Second Phase)**

तालिका (२)

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| द्वितीय | शासन प्रणाली (Governance Systems) | १०० | ४० | विषयगत (Subjective) | १०प्रश्न x १०अङ्क | ३ घण्टा |
| तृतीय | समसामयिक विषय (Contemporary Issues) | १०० | ४० | विषयगत (Subjective) | १०प्रश्न x १०अङ्क | ३ घण्टा |
| चतुथ | सेवा समूह सम्बन्धी (Service related subject) | १०० | ४० | विषयगत (Subjective) | १०प्रश्न x १०अङ्क | ३ घण्टा |

अन्तिम चरण: - सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता **(Skill Test, Group Test & Interview)**

तालिका (३)

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| सूचना प्रविधि सीप परीक्षण (Information Technology Skill Test) | १० | प्रयोगात्मक (Practical)# | २० मिनेट |
| सामूहिक परीक्षण (Group Test) | १० | समूहमा व्यक्तिगत प्रस्तुति (Individual Presentation in Group) | ३० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ५० | मौखिक (Oral) | |

तालिका (४)

***प्रशासनिक अभिरुचि परीक्षण (Administrative Aptitude Test)**

| पत्र/विषय | भाग | विषयवस्त | अङ्क | पूर्णाङ्क | उतीर्णाङ्क | पशनसख्या **X** अङ्क |
|---|---|---|---|---|---|---|
| प्रथम/ प्रशासनिक अभिरुचि परीक्षण (AAT) | (A) | General Awareness | ५० | १०० | ४० | ५० प्रश्न x१ अङ्क |
| | (B) | Aptitude Test | ३० | | | ३० प्रश्न x१ अङ्क |
| | (C) | English Language Competence Test | २० | | | २० प्रश्न x१ अङ्क |

तालिका (५)

\# प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)

| विषय | पूर्णाङ्क | विषयवस्त शिर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| सूचना प्रविधि सीप परीक्षण **(IT Skill Test)** | १० | Devanagari Typing | २.५ अङ्क | ५ मिनट |
| | | English Typing | २.५ अङ्क | ५ मिनट |
| | | Word processing | २ अङ्क | १० मिनेट |
| | | Electronic Spreadsheet | १ अङ्क | |
| | | Presentation System | १ अङ्क | |
| | | Windows basic, Email and Internet | १ अङ्क | |
| जम्मा | | | १० अङ्क | २० मिनेट |

द्रष्टव्य :

१. यो पाठ्यक्रम रुपरेखा/योजनालाइ संयुक्त र एकीकृत परीक्षा प्रणाली **(Integrated & Unified Examination System)** का आधारमा लिखित परीक्षा (प्रथम चरण र द्वितीय चरण) तथा अन्तिम चरण (सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता) गरी दुइ भागमा विभाजन गरिएको छ ।

२. माथि तालिका (१) र तालिका (२) मा दिईएको अनुसारको लिखित परीक्षा योजना अप्राविधिक तर्फका प्रशासन सेवाका सब समुहको लागि अनिवार्य हुनेछ ।

३. संयुक्त र एकीकृत परीक्षा प्रणालीको आधारमा सेवाका सबै समुहको लागि प्रथम, द्वितीय, तृतीय र चतुर्थ पत्र/विषयको विषयवस्तु एउटा (Common) र अनिवार्य हनेछ।

४. प्रशासन सेवा र अन्तर्गतका समूहको खुला तथा समावेशी समूहको एउट (Common) प्रश्नपत्रको माध्यमबाट संयुक्त र एकीकृत परीक्षा सञ्चालन हुनेछ।

५. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

६. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

७. बहुवैकल्पिक प्रश्नहरु हने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन।

८. विषयगत प्रश्नहरुको हकमा तोकिएको अङ्कमा एउटा लामो पश्न वा एउटा प्रश्नका दुइ वा दुइ भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुइ वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ।

९. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ।

१०. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्ड/एकाइका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन। परिक्षार्थीले प्रत्येक भाग/खण्ड/एकाईका प्रश्नहरुको उत्तर सोहीभाग/खण्ड/एकाईको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

११. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, एन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भइ हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाइ यस पाठक्रममा परेको सम्झनु पर्दछ ।

१२. प्रथम चरण **(First Phase)** को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाइ मात्र द्बितीय चरण **(Second Phase)** को लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

१३. लिखित परीक्षाको प्रथम चरण (First Phase) मा प्राप्त गरेको प्राप्ताङ्कको शत प्रतिशत अङ्क तथा द्बितीय चरण (Second Phase) को प्राप्ताङ्कहरु जोडि कूल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

१४. लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाइ मात्र अन्तिम चरणको सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

१५. लिखित परीक्षा र अन्तिम चरणको सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताको कुल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१६. पाठ्यक्रम लागु हुने मितिः २०७८।०३।२९ गते देखि ।

## लिखित परीक्षा :- प्रथम चरण **(First Phase)**

## प्रथम पत्रः- प्रशासनिक अभिरुचि परीक्षण **(Administrative Aptitude Test)**

## Part (A)

**1.** सामान्य सचेतना ५० प्रश्न × १ अङ्क = ५० अङ्क

1.1 भूगोल - नेपाल तथा विश्वको भौतिक, सामाजिक र आर्थिक भूगोल

1.2 इतिहास, संस्कृति र सामाजिक व्यवस्था

1.2.1 विश्वका प्रमुख ऐतिहासिक घटनाहरु

1.2.2 नेपालको प्राचीनकाल तथा मध्यकालको राजनीतिक, आर्थिक एव सामाजिक सांस्कृतिक अवस्था र आधुनिक नेपालका इतिहास

1.2.3 नेपालमा लोकतन्त्रको लागि भएका जनआन्दोलनहरु

1.2.4 नेपालका प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला

1.3 शासनपद्धति र शासन - संविधान, राजनैतिक व्यवस्था, अधिकारमा आधारित सवाल/विषयहरु र नेपालको प्रशासनिक व्यवस्थाको विकासक्रम

1.4 आर्थिक विकास

1.4.1 नेपालमा विकासका पूर्वाधारहरु (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, शिक्षा, स्वास्थ्य, र विद्युत)

1.4.2 नेपालको अथतन्त्रसँग सम्वद्ध योजना, स्रोत/साधनहरुको परिचालन, वृद्धि, विकास तथा रोजगार सम्बन्धी सवाल/विषयहरु

1.4.3 नेपालको विश्वसँगको आर्थिक गतिविधिहरु

1.5 दिगो विकास, वातावरणीय परिस्थिति, पर्यावरणीय संरक्षण, जैविक विविधता, जलवायु परिवर्तन, जनसांख्यिकी, शहरीकरण, बसोवास, प्रदुषण, प्राकृतिक स्रोत तथा राष्ट्रिय सम्पदाहरुको संरक्षण सम्बन्धी सामान्य सवालहरु

1.6 विज्ञान र प्रविधि

1.6.1 प्रमुख वैज्ञानिक अन्वेषण र आविष्कारहरु, प्रसिद्ध वैज्ञानिक र तिनको योगदान

1.6.2 विज्ञान र प्रविधिको मानव जीवन र समाजमा परेको प्रभाव

1.6.3 क्रमविकाश, वंशाणु, स्वास्थ्य र रोग बारे सामान्य जानकारी

1.7 अन्तर्राष्ट्रिय मामिला तथा अन्तर्राष्ट्रिय संघ/संस्था

1.7.1 सार्क सदस्य राष्ट्रहरु तथा चीन, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, रुस, फान्स, जर्मनी, स्वीजरल्याड र जापान जस्ता मुलुकहरुसँग नेपालको सम्बन्ध

1.7.2 संयुक्त राष्ट्रसंघ प्रणाली, बहुपक्षिय व्यवस्थापन र नेपाल

1.8 राष्ट्रिय र अर्न्तराष्ट्रिय महत्वका समसामयिक घटना तथा नवीनतम गतिविधिहरु : जस्तै- राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, वैज्ञानिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य र संगीत लगायत महत्वपूर्ण व्यक्तित्व तथा विचारकहरु

(In English)

**Paper I: -Administrative Aptitude Test**

**Part (A)**

**1. General Awareness** **<u>50 × 1= 50 Marks</u>**

1.1 **Geography** - physical, social and economic geography of Nepal and the World

1.2 **History, Culture and Social System**

1.2.1 Major historical events of the World

1.2.2 Political, economical and socio-cultural aspects of ancient, medieval and modern Nepalese history

1.2.3 People's Movements for democracy in Nepal

1.2.4 Prevalent religions, culture, ethnicity, languages, literature and art of Nepal

1.3 **Polity and Governance** – constitution, political system, right based issues and evolution of the Nepalese Administrative System and Province no.2, Province government, Acts, Rules and Regulations.

1.4 **Economic Development**

1.4.1 Infrastructure development in Nepal (agriculture, industry, trade, tourism, transportation, communication, education, health and electricity)

1.4.2 The Nepalese economic issues relating to planning, mobilization of resources, growth, development and employment

1.4.3 Nepal's economic interaction with the World

1.5 **General Issues** on sustainable development, environmental ecology, ecological preservation, bio-diversity, climate change, demography, urbanization, settlement, pollution, conservation of natural resources and national heritage

1.6 **Science and Technology**

1.6.1 Major scientific discoveries and inventions, famous scientists and their contributions

1.6.2 Impact of science & technology in human life and society

1.6.3 General information on evolution, heredity, health and diseases

1.7 **International Affairs and International Institutions**

1.7.1 Nepal's relations with the SAARC member countries and other countries such as China, United States of America, United Kingdom, Russia, France, Germany, Switzerland and Japan

1.7.2 UN System, multilateral arrangements and Nepal

1.8 **Major Events and Current Affairs of National and International Importance;** such as political, social, cultural, economic, scientific, sports, books, prizes/rewards, arts, literature and music as well as noted personalities and thinkers

**Part (B)**

**2. Aptitude Test** **30 × 1 = 30 Marks**

2.1 Verbal reasoning such as series, analogy, classification, coding-decoding, insert the missing character, common property, matrices, direction and distance sense test, ranking order, assertion and reason, induction, deduction, courses of action, etc 6 × 1 = 6 Marks

2.2 Non-verbal reasoning such as series, analogy, classification, Venn diagrams, matrices, construction of squares and triangles, and figure formation and analysis, dot situation, water images, mirror images, embedded figures, etc. 6 × 1 = 6 Marks

2.3 Quantitative aptitude such as arithmetical reasoning / operation, percentage, fraction, decimal, ratio, average, loss, profit, date/calendar, time and work, etc. 6 × 1 = 6 Marks

2.4 General mental ability, logical reasoning and analytical ability 6 × 1 = 6 Marks

2.5 Data interpretation - charts, graphs, tables, data sufficiency 6 × 1 = 6 Marks

**Part (C)**

**3. English Language Competence Test** **20 × 1 = 20 Marks**

3.1 **Comprehension:** 5 × 1= 5 Marks

Questions will be asked based on the passage given. The questions will try to accommodate the following areas:

- Fact finding, Inferential, Core theme, True/false identification, Issues raised and Language based

3.2 **Vocabulary:** 7 × 1 = 7 Marks

Questions will be asked to assess their grasp on the English language vocabulary. The questions will be of the following nature:

- Meaning of the words (literal /figurative/contextual), Single word for expressions, Synonyms/antonyms, Derivatives and Homonyms/homophones

3.3 **Syntactic ability:** 8 × 1 = 8 Marks

Questions will be asked to assess the syntactic ability of the candidates. The questions will be based on the following categories:

- Agreement, Tense aspect, Parallel structures, Clauses, Modifier, Conditionals, Phrasal expressions, Shifts (tense, number, person), Transformations, Varieties, Prepositions / conjunctions and Parts of speech

---The end---

Note: - This above **English Language Competence Test** syllabus is devised for assessing the proficiency of the English language of candidates. With the view to assess the candidates' language competence, the syllabus aims:

- to test the understanding of their language through reading comprehension,
- to map the range of their vocabulary,
- to examine their syntactic ability.

The nature and standard of questions in **English Language Competence Test** will be such that an educated Class XII level person will be able to answer them without any specialized study.

द्रष्टव्य :- प्रथम पत्र प्रशासनिक अभिरुचि परीक्षणको सामान्य सचेतनाको **Part (A)** का पाठयक्रमका एकाईहरुबाट यथासम्भव Level I का ६० प्रतिशत र Level II का ४० प्रतिशत गरी निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

**Table of Specification**

| Unit No. | Contents Title | No. of items | Specification | | Remarks |
|---|---|---|---|---|---|
| | | | Level I (60%) | Level II (40%) | |
| 1.1 | भुगोल | 6 | 14 | 10 | Level I का ६० प्रतिशत र Level II का ४० प्रतिशत |
| 1.2 | इतिहास, संस्कृति र सामाजिक व्यवस्था | 6 | | | |
| 1.3 | शासनपद्धति र शासन | 6 | | | |
| 1.4 | आर्थिक विकास | 6 | | | |
| 1.5 | दिगो विकास, वातावरणीय परिस्थिति,.... | 6 | 16 | 10 | Level I का ६० प्रतिशत र Level II का ४० प्रतिशत |
| 1.6 | विज्ञान र प्रविधि | 6 | | | |
| 1.7 | अन्तर्राष्ट्रिय मामिला तथा अन्तर्राष्ट्रिय संघ/संस्था | 6 | | | |
| 1.8 | राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक घटना तथा नवीनतम गतिविधिहरु | 8 | | | |
| **Total** | | **50** | **30** | **20** | |

**Level I Questions**

(चार विकल्पमात्र भएका सामान्य बहुवैकल्पिक प्रश्नहरु)

**Level II Questions**

(चार भन्दा बढि विकल्प हुन सक्ने तर चार विकल्पमात्र प्रदान गरिएका बहुवैकल्पिक स्वरुपका तर ठिक-बेठिक, जोडामिलाउने, खालि ठाउँ भर्ने, कारण र प्रभाव सम्बन्धी प्रश्नहरु, नमिल्दो छुट्ट्याउन प्रश्नहरु)

लिखित परीक्षा :- द्वितीय चरण **(Second Phase)**
द्वितीय पत्र:- शासन प्रणाली

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

१. राज्य र शासन

१.१ शासनका आधारभूत पक्षहरु : अवधारणा, सन्दर्भ र विशेषताहरु
१.२ शासनका राजनैतिक तथा प्रशासनिक संरचना
१.३ सूचनाका हक र पारदर्शिता
१.४ राष्ट्र निर्माण र राज्य निर्माण
१.५ नेपालका शासन प्रणाली
१.६ राष्ट्रिय सुरक्षा व्यवस्थापन : अवधारणा, क्षेत्र र नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरु
१.७ वहुस्तरिय शासन र नेपाल : अनौपचारिक शासन, नागरिक समाजका शासन, स्थानीय शासन, सहकारीतामूलक शासन, व्यावसायिक शासन र संयुक्त राष्ट्रसंघ
१.८ निर्वाचन प्रणाली, निर्वाचन चक्र, निर्वाचन प्रकृया र निर्वाचनका विविध पक्षहरु
१.९ लोकतन्त्र र गणतन्त्र

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

२. संविधान र कानून

२.१ संविधानवाद
२.२ नेपालमा सबैधानिक विकास
२.३ नेपालका वर्तमान संविधान
  २.३.१ मूलभूत विशेषताहरु, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका
  २.३.२ मौलिक हक, निर्देशक सिद्धान्त र राज्यका नीतिहरु
  २.३.३ संबैधानिक तथा कानून निर्मित निकायहरुका कार्य एव तिनको कार्यक्षेत्र
२.४ मानव अधिकार
२.५ नागरिक चेतना, जनताका कर्तव्य र जिम्मेवारीहरु
२.६ कानूनका श्रोतहरु तथा नेपालमा कानून निर्माणको प्रक्रिया
२.७ कानूनका शासन, लोकतान्त्रिक मूल्य र मान्यता, समावेशीकरण, समानुपातिक प्रतिनिधित्व तथा सकारात्मक विभेद

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

३. सार्वजनिक सेवा तथा सार्वजनिक व्यवस्थापन

३.१ सार्वजनिक सेवाका अवधारणा, कार्य, विशेषता र भूमिका
३.२ सार्वजनिक सेवा प्रवाह
३.३ राजनैतिक तटस्थता, प्रतिवद्धता, पारदर्शिता र उत्तरदायित्व
३.४ सार्वजनिक कोषको सदुपयोग, सदाचार र नैतिकता
३.५ सार्वजनिक व्यवस्थापन, निजामती सेवा र कर्मचारीतन्त्र
३.६ सार्वजनिक नीति : निर्माण प्रक्रिया र विश्लेषण
३.७ सार्वजनिक सेवा वडापत्र
३.८ विद्युतीय शासन

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

४. श्रोत व्यवस्थापन र योजना

४.१ मानव श्रोत व्यवस्थापन : प्राप्ति, विकास, उपयोग र सम्भार
४.२ सार्वजनिक वित्त व्यवस्थापन : नेपालका योजना र बजेट प्रणाली
४.३ नेपालमा सरकारी लेखा प्रणाली र लेखापरीक्षण प्रणाली
४.४ वित्तीय व्यवस्थापन र सामाजिक उत्तरदायित्व
४.५ विकास योजना र चालु आवधिक योजना
४.६ सहभागितामूलक योजना र विकास

तृतीय पत्रः- समसामयिक बिषय

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

१. सामाजिक मामिलाहरु

१.१ सामाजिक विवाद तथा द्वन्द्व
१.२ सामाजिक न्याय तथा समानता
१.३ सामाजिक एव सांस्कृतिक रुपान्तरण
१.४ श्रोत/साधनहरुका वितरणमा न्याय : असमानता एव सीमान्तीकरण (प्रादेशिक, जातजातिगत, लैङ्गिक, ग्रामीण तथा शहरी)
१.५ सामाजिक संरक्षण/बचाउ, सामाजिक सुरक्षा तथा सामाजिक जिम्मेवारी
१.६ सांस्कृतिक विविधता र सामाजिक परिचालन
१.७ जनसंख्या (बसोबास, बसाइसराइ, शहरीकरण, प्रौढावस्था, शरणाथी, विस्थापित जनसंख्या)
१.८ संगठित अपराध : बिद्युतीय अपराध (cyber crime), बेचविखन, मिलोमता (cartelling)/ एकाधिकार(monopoly), आतङ्कवाद, भ्रष्टाचार र अवैध मुद्रा निर्मलीकरण
१.९ खाद्य सम्प्रभुता र सुरक्षा

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

२. आर्थिक मामिलाहरु

२.१ आर्थिक बृद्धि तथा आर्थिक विकास
२.२ आर्थिक विकासका प्रमुख पक्षहरु : कृषि, उद्योग, व्यापार, पर्यटन, वैदेशिक रोजगार तथा मानव संशाधन
२.३ आर्थिक विकासमा सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्रका भूमिका
२.४ वैदेशिक सहायता र अन्तर्राष्ट्रिय सहयोग
२.५ वैदेशिक लगानीः पोर्टफोलिया र प्रत्यक्ष
२.६ प्रविधि हस्तान्तरण (बौद्धिक सम्पत्ति अधिकार समेत)
२.७ व्यापार, बजार र श्रम उदारिकरण
२.८ आर्थिक कुटनीति
२.९ गरिवी र वेराजगारी

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

३. विकाससँग सम्बद्ध मामिलाहरु

३.१ मानव विकास
३.२ पूर्वाधार विकास
३.३ दिगो विकास (भूमि, जल तथा प्राकृतिक श्रोतहरु : धान्न सक्न क्षमता र विकास नीति)
३.४ विकास प्रक्रियामा राज्य र राज्य बाहेकका क्षेत्रहरुको भूमिका
३.५ शान्ति र द्वन्द्व सम्बेदनशील विकास
३.६ विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन
३.७ विकासमा नागरिकको संलग्नता
३.८ साझेदारी विकास तथा समुदायमा आधारित विकास
३.९ विकासमा सूचना-सञ्चार प्रविधिको भूमिका
३.१० विश्वव्यापीकरण र विकास

## Section (D) - 10 Marks × 2 Questions = 20 Marks

४. वातावरणसँग सम्बद्ध मामिलाहरु

- ४.१ पारिस्थितिक प्रणाली
- ४.२ जैविक विविधता तथा संरक्षण
- ४.३ जलवायु परिवर्तन र कार्वन व्यापार
- ४.४ वातावरणीय ह्रास
- ४.५ वनविनास
- ४.६ संकट/विपद व्यवस्थापन
- ४.७ वातावरण र विकास
- ४.८ उर्जा संकट तथा उर्जा संरक्षण
- ४.९ प्रदूषण तथा फोहर-मैला व्यवस्थापन

.... समाप्त ....

## चतुर्थ पत्रः- सेवा समूह सम्बन्धी विषय

## खण्ड (**A**) – ३० अङ्क

१. सार्वजनिक व्यवस्थापन

१.१ सार्वजनिक व्यवस्थापनका परिचय र कार्यक्षेत्र
१.२ कर्मचारी व्यवस्थापनका विविध पक्षहरुः निजामती सेवाका वर्गीकरण, भर्ना, छनौट, नियुक्ति, पदस्थापन, बढुवा, तलब सुविधा, उत्प्रेरणा, बृति विकास, कार्यसम्पादन मूल्यांकन र अवकाश
१.३ संगठनः अवधारणा, प्रकृति, प्रकार र संगठनात्मक विकास
१.४ सार्वजनिक व्यवस्थापनमा निर्देशन, नियन्त्रण, पदसोपान, निर्णय प्रक्रिया, नेतृत्व, समन्वय, अधिकार प्रत्यायोजन र निक्षेपण, सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन
१.५ नेपालका सार्वजनिक प्रशासनका विकासक्रम, आधारभुत संरचना, विशेषता, सुधारका प्रयास एव चूनौतीहरु
१.६ व्यवस्थापन परीक्षण
१.७ व्यवसायिकता, अनुशासन र आचार-संहिता
१.८ नागरिकबाट सार्वजनिक कार्यहरुको मूल्यांकन : सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र तेस्रो पक्ष मूल्यांकन
१.९ सार्वजनिक व्यवस्थापनका नवीन प्रवृतिहरु
१.१० सार्वजनिक सेवा प्रवाहमा कम्प्युटर, इन्टरनेट, सामाजिक सञ्जाल, सूचना-सञ्चार प्रविधिका प्रयोग, अवसर तथा चुनौतीहरु
१.११ प्रदेश निजमती सेवा ऐन, २०७८ र प्रदेश नं.२ का सावर्जनिक व्यवस्थापन सँग सम्बन्धित ऐन तथा नियम
१.१२ प्रदेश लोक सेवा ऐन, २०७६ तथा प्रदेश लोक सेवा नियमावली, २०७८

## खण्ड (**B**) – २० अङ्क

२. राजस्व प्रशासन

२.१ प्रदेश आर्थिक कार्यप्रणाली तथा बजेट निर्णण प्रक्रिया
२.२ राजस्वका अवधारणा र सिद्धान्त
२.३ सार्वजनिक आय, सार्वजनिक खर्च र सार्वजनिक ऋणको अवधारणा
२.४ नेपालमा कर प्रणालीः वर्तमान स्वरुप र कार्यान्यवनका अवस्था (मूल्य अभिबृद्धि कर, आयकर, अन्तशुल्क, भंसार महसूल, स्थानीय कर तथा अन्य करहरु)
२.५ अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड
२.६ आर्थिक नीति, वित्तीय नीति र मौद्रिक नीति
२.७ वजेट चक्रः बजेट निर्माण, कार्यान्वयन र मूल्याङ्कन
२.८ प्रदेश नं.२, राजश्व प्रशासनसँग सम्बन्धित ऐन, नियमहरु

## खण्ड (**C**) – ३० अङ्क

३. सरकारी आर्थिक कारोवारका लेखाङ्कन र प्रतिवेदन (२०अङ्क)

३.१ सरकारी आर्थिक कारोवार : परिचय, विषेशता, कारोवार विश्लेषण, प्रारम्भिक लेखाङ्कन, खातामा प्रविष्टि र प्रतिवेदन सम्बन्धी व्यवस्था
३.२ दोहोरो लेखा प्रणाली, नगद र प्रोदभावीमा आधारित लेखा प्रणाली
३.३ खाता सूची (Charts of Accounts), एकल खाता कोष (TSA), CGAS, SuTRA तथा राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) सम्बन्धी जानकारी
३.४ सार्वजनिक सम्पती, जिन्सी तथा धरौटी लेखा
३.५ सार्वजनिक क्षेत्रका लेखामान र आर्थिक कार्यविधि सञ्चालन सम्बन्धी कानुनी व्यवस्था
३.६ सार्वजनिक खरीद व्यवस्थापन र यस सम्बन्धी कानुनी व्यवस्था
३.७ प्रदेश नं.२, प्रदेश सरकारका ऐन, नियमहरु
३.८ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनहरु

४. लेखापरीक्षण प्रणाली (१०अङ्क)

४.१ लेखापरीक्षणका परिचय, उद्देश्य, प्रकार र आधारभूत सिद्धान्त
४.२ सरकारी तथा संगठित क्षेत्र लेखापरीक्षण-मान
४.३ बेरुजु र बेरुजु फछर्यौट सम्बन्धी व्यवस्था
४.४ संघ, प्रदेश र स्थानीय तहका लेखापरीक्षण तथा सार्वजनिक संस्थानका लेखापरीक्षण
४.५ महालेखा परीक्षक र लेखापरीक्षण सम्बन्धी कानुनी व्यवस्था
४.६ लेखापरीक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु (ICAN, INTOSAI, ASOSAI)

## खण्ड (**D**) – २० अङ्क

५. संसदीय प्रक्रिया र संघीय प्रणाली

५.१ संघीय प्रणाली र नेपालमा संघियता
५.२ संघ, प्रदेश र स्थानीय तहहरु बीचका विधायिकी अन्तरसम्बन्ध
५.३ प्रदेश सभा संचालन तथा व्यवस्थापन कार्यविधि र कानून निर्माण प्रकृया
५.४ प्रतिनिधि सभा र राष्ट्रिय सभा बीचका अन्तरसम्बन्ध
५.५ संसद, संसदीय समिति र संवैधानिक निकायहरु बीचका अन्तरसम्बन्ध
५.६ संसदीय पदाधिकारी, संसदीय दल र संसदमा प्रतिपक्षको भूमिका
५.७ सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका
५.८ संघ, प्रदेश र स्थानीय तहमा सरकारी सेवा संचालन सम्बन्धी नीतिगत व्यवस्था र क्षेत्राधिकार
५.९ सांसद र निर्वाचित जनप्रतिनिधिहरुको आचार-संहिता, अनुशासन, सदाचार र नैतिकता

**अन्तिम चरण: - सीप परीक्षण, सामहिक परीक्षण र अन्तर्वार्ता (Skill Test, Group Test & Interview)**

विषय:- सूचना प्रविधि सीप परीक्षण **(Information Technology Skill Test)**

प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)

| विषय | पूर्णाङ्क | विषयवस्त शिर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| सूचना प्रविधि सीप परीक्षण **(IT Skill Test)** | १० | Devanagari Typing | २.५ अङ्क | ५ मिनट |
| | | English Typing | २.५ अङ्क | ५ मिनट |
| | | Word processing | २ अङ्क | १० मिनेट |
| | | Electronic Spreadsheet | १ अङ्क | |
| | | Presentation System | १ अङ्क | |
| | | Windows basic, Email and Internet | १ अङ्क | |
| जम्मा | | | १० अङ्क | २० मिनेट |

**Contents**

**1. Windows basic, Email and Internet**

Introduction to Graphical User Interface
Use & Update of Antivirus
Concept of virus, worm, spam etc.
Starting and shutting down Windows
Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
Concept of file, folder, menu, toolbar
Searching files and folders
Internet browsing & searching the content in the web
Creating Email ID, Using email and mail client tools
Basic Network troubleshooting (checking network & internet connectivity)

**2. Word processing**

Creating, saving and opening documents
Typing in Devanagari and English
Copying, Moving, Deleting and Formatting Text
Paragraph formatting (alignment, indentation, spacing etc.)
Creating lists with Bullets and Numbering
Creating and Manipulating Tables
Borders and Shading
Creating Newspaper Style Documents Using Column
Security Techniques of Document
Inserting header, footer, page number, Graphics, Pictures, Symbols
Page setting, previewing and printing of documents
Mail merge

**3. Presentation System**

Introduction to presentation application
Creating, Opening & Saving Slides
Formatting Slides, Slide design, Inserting header & footer
Slide Show
Animation
Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.

**4. Electronic Spreadsheet**

Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)

Creating, Opening and Saving Work Book

Editing, Copying, Moving, Deleting Cell Contents

Formatting Cells (Font, Border, Pattern, Alignment, Number , Protection, Margins and text wrap)

Formatting Rows, Column and Sheets

Using Formula with Relative and Absolute Cell Reference

Using Basic Functions (IF, SUM, MAX, MIN, AVERAGE etc)

Sorting and Filtering Data

Inserting Header and Footer

Page Setting, Previewing and Printing

**-----**

## अंग्रेजी वा देवनागरी **Typing Skill Test** का लागि निर्देशनः-

1. देवनागरी Typing Skill Test का लागि १५० शब्दहरुका एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | शुद्ध शब्द प्रति मिनेट (**Correct Words/Minute**) | पाउन अंक |
|---|---|---|
| | ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ५ वा सा भन्दा बढी र ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ७.५ वा सा भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १० वा सा भन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १२.५ वा सा भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १५ वा सा भन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | १७.५ वा सा भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २० वा सा भन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २२.५ वा सोभन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | २५ वा सा भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

2. English Typing Skill Test का लागि २०० शब्दहरुका एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | शुद्ध शब्द प्रति मिनेट (**Correct Words/Minute**) | पाउन अंक |
|---|---|---|
| | ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ६ वा सा भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ९ वा सा भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १२ वा सा भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १५ वा सा भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १८ वा सा भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | २१ वा सा भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २७ वा सोभन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | ३० वा सा भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएका Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ। दिइएका अंग्रेजी वा देवनागरी Text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरुले आफनो Text मा Punctuation टाइप नगरेका पाइएमा त्यसका शब्दमा गणना गरिन छैन। तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट(Correct words/minute) निकालिनेछ।

**Formula:**

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{(\text{Total words typed} - \text{Wrong words})}{5}$$

## सामूहिक परीक्षण (Group Test)

सामुहिक परीक्षण व्यक्तित्व परीक्षण (Personality Test) को एक अंश हो । निजामती सेवाका क्षेत्र विस्तार तथा कार्य पद्धति परिवर्तन समेत भैरहेका सन्दर्भमा नेपाल सरकारका नीति, योजना, कार्यक्रम आदि माथि विचार-विमर्श, छलफल गरी तिनको अझै बढी प्रभावकारी तथा कार्यान्वयन योग्य समाधान पहिल्याउन सम्बन्धमा उम्मेदवारहरुको क्षमता पहिचान गर्नु यस परीक्षणको मूल मर्म हो । यसको लागि छलफल, विचार-विमर्श गरी परिस्थिति बुझ्न सक्ने, निर्णय दिने, जनतालाई क्रियाशील बनाउने, चित्त बुझाउने, निर्धारित लक्ष्य अनुसार काम गर्ने/गराउने, जस्ता कामका लागि लेखन क्षमताका साथसाथै समस्यालाई यथार्थपरक ढंगले पहिचान गर्न सक्ने, वाकपटुता, शिष्टता, तर्कशक्तिका पनि आवश्यकता पर्दछ ।

त्यसैले यस परीक्षणमा उम्मेदवारहरुको वौद्धिक क्षमता, संचार सीप, समूह गतिशिलता, व्यवहार, व्यक्तित्व, मनोवृति, क्रियाशीलता, निर्णयशक्ति, समस्या समाधान क्षमता, नेतृत्व क्षमता, समय व्यवस्थापन तथा व्यक्तित्वमा भएका अन्य गुणहरुका आंकलन अर्थात परीक्षण र मूल्याङ्कन गर्नका लागि उम्मेदवारहरुलाई कुनै समसामयिक विषय/सवाल/समस्यामा सामूहिक छलफल गरी प्रभावकारी र कार्यान्वयन योग्य समाधान निकाल्न दिइन्छ ।

## सामूहिक छलफल (Group Discussion)

यस प्रयोजनका लागि गरिने परीक्षण १० पूर्णाङ्क र ३० मिनेट अवधिको हुनेछ जुन नेताविहिन सामूहिक छलफल (Leaderless Group Discussion) का रुपमा अवलम्वन गरिने छ । दिइएका प्रश्न वा Topic का विषयमा पालैपालोसँग निर्दिष्ट समयभित्र समूहवीच छलफल गर्दै प्रत्येक उम्मेदवारले व्यक्तिगत प्रस्तुति (Individual Presentation) गर्नु पर्नेछ ।